मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

मितिः २०८३ कार्तिक २० गते

प्रेस विज्ञप्ति

शुभ दिपावली तथा छठ/ छईठ पर्वको हार्दिक शुभकामना अर्पण।

नेपाल अनादीकाल देखि नै सनातन संस्कृतिको मुख्य स्थल र मुहान हो। जहाँ सत्य अहिंसा, दया, क्षमा, दान, जप, तप, यम, नियम, योग, ध्यान, जागरण एकनिष्टता, संहिताका मार्गवाट "जीवस्य जीवो जीवनम् "को ज्ञान, विज्ञान, संज्ञान र मनोविज्ञान पुरित र लक्षित भएका छन्।

यस पवित्र भुगोल र हिमवत् श्रृङखलामा विभिन्न पर्व-तिहार आयोजना हुने गर्दछ। जहाँ परिवार त्यहीं तिहार र जहाँ तिहार त्यहीं परिवारको मनोवैज्ञानिक महत्त्वलाई शिरोधार्यगरि यी पर्वहरु मनाउने गर्छ।

शुभ दिपावली पर्वको प्रारम्भसँगै नेपालको तराई-मधेशको मुख्य भु-भागमा कार्तिक शुक्ल षष्ठिको तिथिमा छठि/छईठ पर्व मनाइन्छ। यो लोक संस्कृतिको महापर्व रहेको छ।

यस पर्वले सामाजिकता, सांस्कृतिकता, धार्मिकता, अध्यात्मिकता र वैज्ञानिकताको मुल मर्म, कर्म, धर्मलाई अंगिकार गरेको छ। सामाजिक अनुशासनको कसिलो कसमा बांधिएको यो पर्व नैतिकताको आधारमा ऋषि कर्म र कृषि कर्मलाई अक्षरशः अंगिकार गरेको छ। सामाजिक, भौगोलिक र सांस्कृतिक एकताका आधारस्तम्भबनेको यो छईठ पर्वमा साम्यवादी स्वरुप प्रस्तुत गरेको छ। समाजमा सवभन्दा आर्थिक र सामाजिक रुपमा पछाडि परेकाहरुको "पूजा सामग्री" व्यवस्थापन र आर्थिक सुदृढीकरण भएकाहरुको बीचमा कुनै फरक-अन्तर हुँदैन। सबै श्रद्धालु पायक पर्ने एउटै सरोवर, नदी, खोला, पोखरीमा "पूजा-अर्चना" गर्दछन्।

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np

मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

पुर्णतः धार्मिक र नैतिक अनुशासनको कसिमा कसिलोगरी कसिएका यो पर्व मुख्यतः चार दिने पर्व हो जसको प्रथम दिनमा "नहाई-खाए" [चोखो भई चोखो अन्न ग्रहण], दोस्रो दिन "खरना" [गुड/सक्खर हालेको खीर, तेस्रो दिन सन्ध्या अर्घ्य र चौथो दिन बिहानको अर्घ्य अर्पण गरी त्यस पश्चात् "पारण" [पार्वण] गरी समापन हुन्छ। यस प्रकार "सूर्य पूजा" को यो लौकिक महापर्व समापन हुन्छ। यो महापर्व अस्ताउदै सूर्य, उषा, प्रकृति, जल, वायु र उदाउँदो सूर्यकी बहिनी "षष्ठीमात" लाई समर्पित हुन्छ।

यस पर्वको अवसरमा संघीय सरकारले अस्ताउँदो सूर्य (साँझको अर्घ) मा १ (एक) दिन राष्ट्रिय विदा दिने गरेको छ। मधेशी आयोगले आठौं वार्षिक प्रतिवेदन मार्फत १ (एक) दिनको बिदालाई बढाई भोलीपल्ट उदाउँदो सूर्य (पारण) को दिन समेत २ दिन सार्वजनिक विदा दिन नेपाल सरकार समक्ष सिफारिस गरेको छ। यो पर्वले राष्ट्रिय रूप र स्वरुप ग्रहण गरेको छ। सूर्य नै शक्ति र उर्जाको स्रोत हुन भने प्रमाणिकता रामायणकाल देखि नै "विदेह सभ्यता" मा रहेको छ। लंका विजय पछि जननी जगदम्बा सीताजीले रावणवधबाट त्राण पाउन ऋषि गौतमको सल्लाह अनुसार "सूर्य पूजा" गरेकी थिइन भने महाभारतकालीन समयमा "अज्ञातवास" लाई सफल बनाउन द्रोपदीले "सूर्य पूजन" गरेकी थिइन्।

यसप्रकार बहुआयामिक महत्त्व र अस्तित्व बोकेका यी पर्वहरूले नेपाल र नेपालीलाई सुख, शान्ति, समृद्धि, सह-अस्तित्व, समभाव, समरस र समत्व प्रदान गरोस्।

माननीय जीवछ साह
कार्यवाहक अध्यक्ष